नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं
(स्रोत परिचालन समन्वय शाखा)

फोन नं ४२००५०८, ४२००२८१
फयाक्स ४२००३१४

पत्र संख्याः२०७५।७६
चलानी नंः ६८

मिति २०७६।०२।०१

श्री संलग्न नगरपालिकाहरु।

विषयः अभिमुखीकरण कार्यक्रममा सहभागिता सम्बन्धमा।

प्रस्तुत विषयमा यस मन्त्रालयको चालु आर्थिक वर्ष २०७५।०७६ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार स्थानीय तहको राजश्व परिचालन क्षमतामा अभिवृद्धि ल्याउन सहयोग पुऱ्याउने उद्धेश्यले महानगर/उप-महानगर/नगरपालिकाका स्थानीय राजश्व परामर्श समितिका संयोजक (उप-प्रमुख), सदस्य (प्रमुख प्रशासकीय अधिकृत) तथा सदस्य सचिव (राजश्व महाशाखा/शाखा प्रमुख वा राजश्वको काम गर्ने कर्मचारी) गरी जम्मा ३ (तीन) जना पदाधीकारी/कर्मचारीको सहभागितामा २ दिने "स्थानीय तहको राजश्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी अभिमुखीकरण" (अवासीय) कार्यक्रम संचालन गर्नेगरी नेपाल सरकार(सचिवस्तर) को मिति २०७६।०१।२९ मा निर्णय भएको हुँदा संलग्न सूची अनुसारको मिति, समय र स्थानमा हुने अभिमुखीकरण कार्यक्रममा सहभागिताको लागि अनुरोध छ।

(हरिप्रसाद पौडेल)
शाखा अधिकृत

| निम्न जिल्लाभित्रका सबै नगरपालिकाहरु | मिति | कार्यक्रमस्थल |
|---|---|---|
| ताप्लेजुङ्ग, पाँचथर, इलाम, झापा, भोजपुर, ओखलढुङ्गा, संखुवासभा, खोटाङ्ग र उदयपुर | २०७६ जेष्ठ ३० र ३१ | विराटनगर |
| सोलुखुम्बु, तेह्रथुम, मोरङ्ग र धनकुटा | २०७६ असार १ र २ | |
| सप्तरी, महोत्तरी, सिराहा र धनुषा | २०७६ असार ४ र ५ | जनकपुर |
| सर्लाही, बारा, पर्सा र रौतहट | २०७६ असार ६ र ७ | |
| ललितपुर, भक्तपुर, नुवाकोट, चितवन, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, काठमाण्डौ, धादिङ्ग र मकवानपुर | २०७६ जेष्ठ २७ र २८ | धुलिखेल |
| बाग्लुङ्ग, कास्की, स्याङ्जा, म्याग्दी, पर्वत, लमजुङ्ग, तनहुँ, गोरखा र नवलपरासी(पूर्व) | २०७६ जेष्ठ २३ र २४ | पोखरा |
| अर्घाखाँची, गुल्मी, पाल्पा, प्युठान, कपिलवस्तु, नवलपरासी(पश्चिम), रुपन्देही, रोल्पा, दाङ्ग, बाँके र बर्दिया | २०७६ जेष्ठ १३ र १४ | नेपालगंज |
| रुकुम(पश्चिम), सल्यान, दैलेख, जाजरकोट, मुगु, डोल्पा, जुम्ला, कालिकोट र सुर्खेत | २०७६ जेष्ठ १९ र २० | सूर्खेत |
| बझाङ्ग, बाजुरा, डडेलधुरा, दार्चुला, कञ्चनपुर, अछाम, डोटी, बैतडी र कैलाली | २०७६ जेष्ठ १० र ११ | धनगढी |

**पुनश्चः** *सुनसरी, सिन्धुली र काभ्रे जिल्लाअन्तर्गतका नगरपालिकाहरुको राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने कार्य यसअघी नै सम्पन्न भेसकेकोले सहभागी हुनुनपर्ने। साथै सहभागीहरुको यातायात खर्च तथा दैनिक भत्ता सम्बन्धित नगरपालिकाहरुबाटै व्यवस्थापन गर्नुपर्नेछ। कार्यक्रम बिहान ०७.३० बजेदेखी नै प्रारम्भ हुने हुँदा सहभागीहरु अघिल्लो दिन बेलुका ७.०० बजेसम्म कार्यक्रमस्थलमा आईपुग्नुपर्नेछ। कार्यक्रम संचालन हुने होटलबारे पछि जानकारी गराइनेछ।*

**बोधार्थः**

श्री आर्थिक प्रशासन शाखा /LGCDP कार्यक्रम समन्वय इकाई
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः- आवस्यक समन्वय, सहजिकरण र व्यवस्थापनको लागि।
श्री सूचना तथा प्रविधि शाखा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः- website मा राखिदिनुहुन।